१२खरी डट्कम्, २०७३/०७/१४

# माथिल्लो त्रिशुली–३ ए को पहुँच सडक सेनाले बनाउने

भूकम्पबाट क्षतिग्रस्त ६० मेगावाटको त्रिशुली–३ ए जलविद्युत आयोजनाको पहुँचमार्ग नेपाली सेनाले निर्माण गर्ने भएको छ ।

०७२ वैशाख १२ गतेको भूकम्पले आयोजनास्थल पुग्ने ५ किलोमिटर लामो पहुँचमार्गमा क्षती पुर्याएपछि सरकारले उक्त सडक निर्माणको जिम्मेबारी सेनालाई दिएको हो । भूकम्पले पहुँचमार्ग ध्वस्त बनाएपछि आयोजनाको काम सुचारु हुन सकेको छैन् । आयोजनाको पहुँचमार्ग खोल्नका लागि पहिरो व्यवस्थापन र सडक निर्माणका लागि ६१ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । भूकम्पले ठूलो पहिरो गई आयोजनाको विभिन्न संरचनामा भएको क्षतिको लागत विश्लेषण गर्न प्राधिकरणको सञ्चालक समितिले गठन गरेको स्वतन्त्र विज्ञ समूहको अध्ययन प्रतिवेदनका आधारमा सडक निर्माणका लागि थप बजेट मागिएको छ ।

आयोजना स्थलसम्म पुग्न पहँुच सडक निर्माण र पहिरो व्यवस्थापन गर्न लाग्ने थप लगानी विद्युत् प्राधिकरणले गर्नुपर्ने विज्ञ समूहले बताएको छ । यस्तै त्रिशुली ३ ए आयोजनाको परामर्शदता नर्थवेस्ट हाइड्रो कर्पोरेशनको पनि म्याद थपिएको छ । कुल १२ अर्ब ४२ करोड रुपैयाँमा आयोजनाको सिभिल, परामर्शदाता र प्रसारणलाइन निर्माण सम्पन्न गर्ने लक्ष्य लिएकोमा यसको लागत अझै बढ्ने भएको छ । त्यसबेला आयोजनाको ६५ प्रतिशत काम सम्पन्न भएको थियो । आयोजना डेढ वर्षदेखि बन्द रहेकाले परामर्शदताले मूल्यांकन गरेपछि मात्र थप लागत आउने छ । पहिरोले ध्वस्त बनाएको ५ किलोमिटर सडक संरचना निर्माण गरेर अघि बढनु पर्नेछ ।

निर्धारित समयमा पनि आयोजनाको काम सम्पन्न नभएपछि  ठेकेदार गेजुवाले चार वर्ष म्याद थपको प्रस्ताव गरिसकेको छ । गेजुवाले एक वर्ष मर्मत र तीन वर्ष आयोजाको बाँकी काम सम्पन्न गर्न समय मागेको छ । उसको म्याद थपको विषयमा प्राधिकरणले निर्णय भने गरेको छैन । आयोजनाको ऋण म्याद ५ वर्ष थप गर्न नेपालले चाइना निर्यात–आयात (एक्जिम) बैंकलाई पुनः अनुरोध गरिसकेको छ । यता एक्जिम बैंकले आयोजना सम्पन्न नहुँदै भदौदेखि ऋण परिपक्व भएको भन्दै ऋणको व्याज लाग्ने भन्दै सरकारलाई पत्राचार गरेको छ । एक्जिम बैंकले कर्जा अवधि थप्नका लागि कागजात मागिरहेको आयोजना प्रमुख फडिन्द्र जोशीले जानकारी दिए ।

०७३ असार १५ गतेसम्म अर्थात २०१६ को जुन ३० सम्म सम्पन्न हुने गरी आयोजनाको म्याद दोस्रो पटक थप भएको थियो । हालसम्म ५ अर्ब ३९ करोड रुपैयाँ खर्च भइसकेको आयोजनाले जानकारी दिएको छ । सन् २०११ म ३५ महिनामा काम सम्पन्न गर्ने गरी चाइना गेजुवासँग इन्जिनियरिङ प्रक्युमेन्ट कन्ट्रयाक्ट (ईपीसी) प्रारुपमा निर्माण गर्ने गरी ठेक्का सम्झौता भएको थियो । पछि २६ महिना म्याद थपेर ०७३ असार १५ मा सम्पन्न गर्ने अर्को कार्यतालिका तयार गरिएको थियो ।

नागरीक, २०७३/०७/१४

# रुकुम उज्यालो कार्यक्रम प्रभावकारी हुन्छः उर्जामन्त्री शर्मा

ऊर्जामन्त्री जनार्दन शर्माले रुकुममा नेपाल विद्युत् प्राधिकरणको शाखा कार्यालय सञ्चालनमा ल्याउने तयारी अन्तिम अवस्थामा पुगेको बताएका छन्।

विभिन्न कार्यक्रममा सहभागी हुने सिलसिलामा गृह जिल्ला आइपुगेका उनले सल्ले विमानस्थलमा सञ्चारकर्मीसँगको सङ्क्षिप्त कुराकानीका क्रममा प्राधिकरणको शाखा कार्यालय सञ्चालन भएपछि जिल्लामा सञ्चालित ‘रुकुम उज्यालो कार्यक्रम’को प्रभावकारिता पुष्टि हुने बताए। रासस

१२खरी डट्कम्, २०७३/०७/१५

## ७५ मेगावाटको त्रिशुली–गल्छी आयोजना बनाउन सिद्धकालीलाई लाइसेन्स

निजी क्षेत्रबाट प्रवद्र्धित सिद्धकाली पावर लिमिटेडले ७५ मेगावाट क्षमताको त्रिशुली–गल्छी आयोजनाबाट विद्युत उत्पादन गर्न अनुमतिपत्र (लाइसेन्स) पाएको छ ।

ऊर्जा मन्त्रालयले हालै सिद्धकालीलाई त्रिशुली–गल्छीबाट विद्युत उत्पादनको लाइसेन्स दिएको हो । गत जेठमा नेपाल विद्युत प्राधिकरण र सिद्धकालीबीच आयोजनाबाट उत्पादन हुने बिजुली खरिद बिक्री सम्झौता (पीपीए) भएको थियो । जसअनुसार हिउँदको ४ महिना प्रतियुनिट ८ रुपैयाँ ४० पैसा र वर्षादको ८ महिनामा प्रतियुनिट ४ रुपैयाँ ८० पैसामा पीपीए भएको छ । आयोजनाको ८० प्रतिशत स्वामित्व अपि पावर लिमिटेडको छ । अपिले सुदुरपश्चिममा साढे ८ मेगावाटको नौगाड जलविद्युत आयोजना सम्पन्न गरी सञ्चालनमा ल्याएको छ ।

आयोजना बनाउन १४ अर्ब ४० करोड रुपैयाँ लाग्ने छ । ७० प्रतिशत ऋण लगानी र ३० प्रतिशत प्रवद्र्धकको स्व पुँजी लगानी हुनेछ । आयोजनामा लक्ष्मी बैंकको नेतृत्वमा ऋण लगानी हुने भएको छ । बैंकबाट ९ अर्ब ८३ करोड रुपैयाँ लगानी हुनेछ । जसअनुसार सेयर लगानी ४ अर्ब ३२ करोड रुपैयाँ हुनेछ । आयोजनाको प्रतिमेगावाट लागत १८ करोड ७२ लाख रुपैयाँ लाग्ने देखाएको छ ।

धादिङ र नुवाकोट जिल्लाको त्रिशुलीमा निर्माण हुने आयोजनाबाट वार्षिक ४६ करोड ८१ लाख ८५ हजार युनिट बिजुली उत्पादन हुने कम्पनीले गरेको अध्ययनले देखाएको छ । आयोजना राजधानीबाट ६३ किलोमिटर टाढा छ । काम सुरु गरेको  ४२ महिनामा आयोजाको काम सम्पन्न हुनेछ । आयोजनाको बाँध नुवाकोटको रातमाटे र विद्युतगृह धादिङको कल्लेरी गाविस स्थित हाँडीखोलाटारमा हुनेछ । सुरुङको लम्बाई ८ किलोमिटर छ । आयोजनाबाट उत्पादन हुने बिजुली २२० केभी प्रसारणलाइनबाट राजधानीमा ल्याइने छ । त्रिशुली–गल्छीको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) भारतको डिजाइन ग्रुप कन्सल्टेन्टमार्फत भएको हो । कम्पनीले आयोजना प्रभावित धादिङ र नुवाकोटका बासिन्दालाई १० प्रतिशत आर्थत ४२ करोड १४ लाख रुपैयाँको सेयर छुट्टाइएको छ । यस्तै सर्वसाधारणलाई १५ प्रतिशत छुट्टाइएको छ ।

३३१५ मेगावाट बिजुली उत्पादन लाइसेन्स

सरकारले हालसम्म ३ हजार ३१५ मेगावाट बिजुली उत्पादनका लागि ११९ कम्पनीलाई लाइसेन्स दिएको छ । यी आयोजना सार्वजनिक र निजी लगानीमा निर्माण हुन लागेका हुन् । हालसम्म सरकारले लाइसेन्स दिएको मध्य सबैभन्दा ठूलो आयोजना माथिल्लो तामाकोसी हो । यो आयोजनाको जडित क्षमता ४५६ मेगावाट छ । हालसम्म २ हजार २ सय मेगावाट क्षमताका आयोजना निर्माणधिन अवस्थामा छन् । यी मध्ये केही आयोजना सम्पन्न भइसकेका छन् भने केही निर्माणाधिन र निर्माणको तयारीमा छन् ।  हालसम्म जलविद्युतबाट मात्र साढे ८ सय मेगावाट बिजुली उत्पादन भएको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जलविद्युत्मा लगानी गर्ने सीमा बढाएपछि लगानी बढेको छ ।

१२खरी डट्कम्, २०७३/०७/१६

# तमोर जलाशययुक्त जलविद्युत परियोजनाबाट करिब डेढ सय घर प्रभावित हुने

सात सय ६२ मेगावाट क्षमताको तमोर जलशाययुक्त जलविद्युत् परियोजनाका कारण तमोर नदी किनारका करिब डेढ सय घर परिवार विस्थापित हुने भएका छन् ।

पिनासीघाट, माझीटार, नक्कलेघाट, लुबुघाट क्षेत्रमा बसोबास गर्दै आएका माझी र केही तामाङ घर परिवार प्रभावित हुने देखिएको छ । परियोजनाको लागि नदीमा बाँध निर्माण गरिएपछि ती बस्तीहरु डुबानमा पर्नेछन् ।

यससँगै तल्लो हेवा जलविद्युत् परियोजना र माथिल्लो हेवा जलविद्युत परियोजनाको विद्युत्गह तथा कावेली ए जलविद्युत परियोजना पनि डुबानमा पर्ने छन् ।

तमोर जलशाययुक्त जलविद्युत परियोजना सरोकार समितिका संयोजक तथा पूर्व सांसद वसन्तकुमार नेम्बाङका अनुसार बाँध निर्माण गरेर पानीको सतह ताप्लेजुङ र पाँचथर सीमा क्षेत्र हुँदै बग्ने काबेली नदीसम्म पु¥याइनेछ ।

परियोजनाबाट प्रभावित हुनसक्ने घर परिवार, भौतिक संरचना र जलविद्युत् परियोजनाबारे विस्तृत विवरण सर्भेक्षणपछि मात्रै आउने नेम्बाङले बताए । रासस

श्रोतः कारोबार, २०७३/०७/१६

## सात सय ६२ मेगावाटको जलाशययुक्त तमोरबाट डेढ सय घर विस्थापित हुने

सात सय ६२ मेगावाट क्षमताको तमोर जलशाययुक्त जलविद्युत् परियोजनाका कारण तमोर नदी किनारका करिब डेढ सय घर परिवार विस्थापित हुने भएका छन् ।

पिनासीघाट, माझीटार, नक्कलेघाट, लुबुघाट क्षेत्रमा बसोबास गर्दै आएका माझी र केही तामाङ घर परिवार प्रभावित हुने देखिएको छ । परियोजनाको लागि नदीमा बाँध निर्माण गरिएपछि ती बस्तीहरु डुबानमा पर्नेछन् ।

यससँगै तल्लो हेवा जलविद्युत् परियोजना र माथिल्लो हेवा जलविद्युत परियोजनाको विद्युत्गह तथा कावेली ए जलविद्युत परियोजना पनि डुबानमा पर्ने छन् ।

तमोर जलशाययुक्त जलविद्युत परियोजना सरोकार समितिका संयोजक तथा पूर्व सांसद वसन्तकुमार नेम्बाङका अनुसार बाँध निर्माण गरेर पानीको सतह ताप्लेजुङ र पाँचथर सीमा क्षेत्र हुँदै बग्ने काबेली नदीसम्म पुर्याइनेछ ।

परियोजनाबाट प्रभावित हुनसक्ने घर परिवार, भौतिक संरचना र जलविद्युत् परियोजनाबारे विस्तृत विवरण सर्भेक्षणपछि मात्रै आउने नेम्बाङले बताए । रासस

श्रोतः  गोरखापत्र,  २०७३/०७/१६

# तमोर जलाशययुक्त जलविद्युत परियोजनाबाट करिब डेढ सय घर प्रभावित हुने

सात सय ६२ मेगावाट क्षमताको तमोर जलशाययुक्त जलविद्युत् परियोजनाका कारण तमोर नदी किनारका करिब डेढ सय घर परिवार विस्थापित हुने भएका छन् ।

पिनासीघाट, माझीटार, नक्कलेघाट, लुबुघाट क्षेत्रमा बसोबास गर्दै आएका माझी र केही तामाङ घर परिवार प्रभावित हुने देखिएको छ । परियोजनाको लागि नदीमा बाँध निर्माण गरिएपछि ती बस्तीहरु डुबानमा पर्नेछन् ।

यससँगै तल्लो हेवा जलविद्युत् परियोजना र माथिल्लो हेवा जलविद्युत परियोजनाको विद्युत्गह तथा कावेली ए जलविद्युत परियोजना पनि डुबानमा पर्ने छन् ।

तमोर जलशाययुक्त जलविद्युत परियोजना सरोकार समितिका संयोजक तथा पूर्व सांसद वसन्तकुमार नेम्बाङका अनुसार बाँध निर्माण गरेर पानीको सतह ताप्लेजुङ र पाँचथर सीमा क्षेत्र हुँदै बग्ने काबेली नदीसम्म पु¥याइनेछ ।

परियोजनाबाट प्रभावित हुनसक्ने घर परिवार, भौतिक संरचना र जलविद्युत् परियोजनाबारे विस्तृत विवरण सर्भेक्षणपछि मात्रै आउने नेम्बाङले बताउनुभयो । रासस

श्रोतः गोरखापत्र, २०७३/०७/१७

## माथिल्लो मादीको परीक्षण चाँडै

कास्कीको सिल्दुजुरे गाविस– ९ बाहुन डाँडामा निर्माणाधीन माथिल्लो मादी जलविद्युत् आयोजनाले कात्तिकको अन्तिमतिर परीक्षण उत्पादन गर्ने भएको छ ।

मादी खोलावाट निकालिने २५ मेगावाट क्षमताको सो आयोजना निर्माणको ९९ प्रतिशत काम सकिएकाले परीक्षण उत्पादनको तयारीमा लागेको आयोजनाका संयोजक राजकुमार बरालले जानकारी दिनुभयो । विद्युत् गृहबाट उत्पादन भएको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्ने तथा लेखनाथमा निर्माण गरिएको सव–स्टेसनमा जोडिएका उपकरणको समेत परीक्षण गरिने उहाँले बताउनुभयो ।

परीक्षण उत्पादनपछि एक महिनासम्ममा मर्मत गर्ने र मङ्सिर अन्तिमदेखि व्यावसायिक रुपमा विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । आयोजनाको चार हजार २०० मिटर सुरुङभित्रको भागमा कङ्क्रिट लाइनिङ गर्ने काम पनि सकिएको छ । उक्त आयोजनाको लागत करिब रु पाँच अर्ब २८ करोड रहेको छ । विसं २०६९ पुसबाट आयोजना निर्माण सुरु गरिएको थियो । रासस

अभियान, २०७३/०७/१७

# झण्डै साढे ५ अर्ब लागतको माथिल्लो मादीको परीक्षण चाँडै हुने

कास्कीको सिल्दुजुरे गाविस– ९ बाहुन डाँडामा निर्माणाधीन माथिल्लो मादी जलविद्युत् आयोजनाले कात्तिकको अन्तिमतिर परीक्षण उत्पादन गर्ने भएको छ ।

मादी खोलाबाट निकालिने २५ मेगावाट क्षमताको सो आयोजना निर्माणको ९९ प्रतिशत काम सकिएकाले परीक्षण उत्पादनको तयारीमा लागेको आयोजनाका संयोजक राजकुमार बराललले जानकारी दिए । विद्युत् गृहबाट उत्पादन भएको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्ने तथा लेखनाथमा निर्माण गरिएको सव–स्टेशनमा जोडिएका उपकरणको समेत परीक्षण गरिने उनले बताए ।

परीक्षण उत्पादनपछि एक महीनासम्ममा मर्मत गर्ने र मङ्सिर अन्तिमदेखि व्यावसायिक रुपमा विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । आयोजनाको चार हजार दुईसय मिटर सुरुङभित्रको भागमा कटिङ लाइनिङ गर्ने काम पनि सकिएको छ । उक्त आयोजनाको लागत करीब रू. पाँच अर्ब २८ करोड रहेको छ । वि.सं. २०६९ पुसबाट आयोजना निर्माण शुरु गरिएको थियो । *रासस*

अभियान, २०७३/०७/१८

# चाँदी नदीबाट बिजुली निकाल्ने तयारी, लोडशेडिङमा केही राहात

*दिपेश पौडेल*

रौतहटमा रहेको चाँदी नदीको पानीबाट बिजुली निकालिने तयारी भएको छ । नदीबाट ३ देखि ५ मेगावाट सम्म बिजुली उत्पादन गर्ने सकिने अनुमान गरिएको छ ।

हाल चन्द्रपुर नगरपालिकामा करीब ४ मेगावाट सम्म बिजुली खपत हुने गरेको नेपाल विद्युत प्रधिकारण चन्द्रपुर शाखाका प्रमुख धिरेन्द्र यादवले बताए । नदीमा रहेको पानीको क्षमता अनुसार बिद्युत् उत्पादन हुने उनले बताए । १२ महिना नै नदीमा पानी हुने भएकाले बिजुली निकाल्न कठिनाई नहुने उनी बताउँछन् । नदीबाट बिजुली निकालिएमा चन्द्रपुर नगरपालिका भित्र लोडशेडिङ समस्या हट्ने पनि उनले बताए । नदीबाट बिजुली निकाल्नका लागि विज्ञसहितको टोली चाँडै आएर स्थलगत निरिक्षण र अध्ययन गर्ने उर्जा राज्य मन्त्री सत्यनारायण भगतले बताए ।

स्थानीय नदीको पानी सदुपायोग गरेर बिजुली निकाल्ने लक्ष्य लिएको उनले बताए । नदीको पानी सदुपयोग गरेर विभिन्न स्थानमा बिजुली निकालिएमा लोडशेडिङ समस्याको अन्त्य हुने पनि उनी बताउँछन् । नेपालको पानी जनताको लगानी भन्ने अभियान सञ्चालन भएको उर्जा राज्य मन्त्री भगतले बताए ।

अभियान,  २०७३/०७/१८

# २० आयोजनालाई उत्पादन अनुमतिपत्र

**उत्पादन सर्वेक्षण लाइसेन्स पाउनेको सङ्ख्या**

| आयोजनाको क्षमता | सङ्ख्या |
|---|---|
| १ मेगावाटभन्दा कमका | २ |
| १ देखि २५ मेगावाटका | १८ |
| २५ देखि १०० मेगावाटका | २ |
| १०० मेगावाट माथिका | ० |

यस वर्षको ७ महीनाभित्र सरकारले साना ठूला गरी २० ओटा आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र (लाइसेन्स) प्रदान गरेको छ । यसबीचमा लाइसेन्स पाउनेहरूमा ३ मेगावाटको सानो मिल्तीखोला जलविद्युत् आयोजनादेखि ४ सय मेगावाटको कालीगण्डकी जलविद्युत् आयोजनासम्म रहेका छन् ।

ती आयोजनामध्ये वैशाख र जेठमा २/२ आयोजनाले लाइसेन्स पाएका थिए भने असारमा तीन आयोजनाले पाएका थिए । त्यसैगरी सबैभन्दा बढी ६ ओटा आयोजनालाई विद्युत् उत्पादन लाइसेन्स साउन महीनामा वितरण गरिएको छ । भदौ र असोजमा तीन÷तीन आयोजनालाई उत्पादन लाइसेन्स दिइएको छ भने कात्तिक महीनाको १७ गते सम्ममा १ मात्र आयोजनालाई उत्पादन लाइसेन्स दिइएको छ । अघिल्लो वर्षको सोही अवधिमा १७ ओटा आयोजनालाई विद्युत् उत्पादन लाइसेन्स वितरण गरिएको थियो ।

त्यसैगरी यो वर्षको ७ महीनाको अवधिमा उत्पादन सर्वेक्षण लाइसेन्स पाउने आयोजनाको सङ्ख्या २२ पुगेको छ । सबैभन्दा बढी १ मेगावाटदेखि २५ मेगावाटसम्मका उत्पादन सर्वेक्षण लाइसेन्स पाउने आयोजना १८ ओटा रहेका छन् ।

त्यसमध्ये १३ ओटा आयोजना १० मेगावाटभन्दा कमका छन् ।

यी ७ महीनामा प्रसारण सर्वेक्षण लाइसेन्स र प्रसारण निर्माण लाइसेन्स भने एउटा पनि प्रदान गरिएको छैन । उत्पादन र प्रसारणका बीचमा रहेको लाइसेन्स वितरणको फरकले निकट भविष्यमा समस्या निम्तिने सरोकारवालाहरू बताउँछन् । यसका लागि उत्पादनको अनुमति दिने विद्युत् विकास विभाग तथा प्रसारको काम गर्ने विद्युत् प्राधिकरणबीच समन्वयको आवश्यकता रहेको छ ।

अभियान, २०७३/०७/१८

## अप्पर नौगड गाढको पीपीए सम्पन्न : १७ महीनाभित्र थप ८ मेगावाट उत्पादन

अपी पावर कम्पनी लिमिटेडद्वारा प्रवद्र्धन गरिएको ८ मेगावाटको अप्पर नौगड गाढ जलविद्युत् आयोजनाको विद्युत् खरीद सम्झौता (पीपीए) सम्पन्न भएको छ । गत शुक्रवार कम्पनी र नेपाल विद्युत् प्राधिकरणबीच पीपीए भएको हो । करीब १ वर्षअघि दार्चुलास्थित नौगड गाढ खोलामा ८ दशमलव ५ मेगावाटको नौगड गाढ परियोजना सम्पन्न गरी हाल सञ्चालनमा रहेको छ । सोही आयोजनाभन्दा माथि निर्माण गरिने ८ मेगावाटको अप्पर नौगड गाढ परियोजनाद्वारा उत्पादन हुने विद्युत् खरीदसम्बन्धी सम्झौता गरिएको कम्पनीका कार्यकारी सञ्चालक सञ्जीव न्यौपानेले बताए ।

१ अर्ब ४० करोड कुल लागत रहेको आयोजना निर्माणका लागि एसबीआई र प्रभु बैङ्कले गरी १ अर्ब ऋण दिने भएका छन् । बाँकी ४० करोड कम्पनीको इक्विटीबाट हालिने न्यौपानेले जानकारी दिए । उनका अनुसार १५ देखि १७ महीनामा सम्पन्न गर्ने लक्ष्य रहेको अप्पर नौगड गाढको उत्पादन लाइसेन्सका लागि प्रक्रिया अघि बढाइसकिएको छ । 'विद्युत् विकास विभागमा लाइसेन्सका लागि जाँदै छौं,' न्यौपानेले भने, 'आशा छ, १ देखि २ हप्तामा लाइसेन्स पाइन्छ र त्यसपछि तत्काल काम शुरू हुन्छ ।'

आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहणमा रहेको ७५ रोपनीको हदबन्दीले अप्ठ्यारो परेको न्यौपानेको भनाइ छ । '६० देखि ७० रोपनी स्थानीयसँगबाट खरीद गर्ने र थप ३० देखि ४० रोपनी सट्टाभर्ना गर्ने गरी वनसँग लिने योजनामा छौं,' उनले भने ।

श्रोतः नयाँ पत्रिका, २०७३/०७/१८

# आन्द्रिज हाइड्रोले नेपालमा कार्यालय विस्तार गर्ने

जलविद्युत् गृह निर्माणका लागि उपकरण आपूर्ति गर्ने अन्तर्राष्ट्रिय साझेदार कम्पनी आन्द्रिज हाइड्रोले नेपालमा कार्यालय विस्तार गर्ने उद्देश्यले पहिलो पटक ग्राहक दिवस'कस्टमर डे' मनाएको छ ।

'हाइड्रोपावर सोलुसन फर नेपाल' नाम दिइएको े उक्त कार्यक्रमको राजधानीमा आयोजित कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराले शुभारम्भ गरे । दुई दिनसम्म चल्ने उक्त गोष्ठीले कम्तीमा दुई÷तीन महिनाभित्र नेपालमै यसको कार्यालय खोल्ने कुरा तय गर्ने बताइएको छ ।

अस्ट्रियामा मुख्य कार्यालय रहेको उक्त कम्पनीले विश्वका करिब ६० देशमा आफ्नो कार्यालय विस्तार गरिसकेको छ । विश्वभरमा जलविद्युत् निर्माणका लागि आवश्यक विद्युतीय सामग्री उपलब्ध गराउँदै आएको उक्त कम्पनीले नेपालको कुलेखानी जलविद्युत् परियोजनाका लागि काम गरिसकेको छ ।

यसबाहेक माथिल्लो तामाकोसी, मध्य मस्र्याङ्दीलगायत राष्ट्रिय गौरवका मुख्य आयोजनासहित करिब १००० मेघावाटका लागि आन्द्रिजको सहकार्य छ । जसमध्ये १२० मेघावाटको काम भइसकेको छ ।

उपप्रधान तथा अर्थमन्त्री महराले आन्द्रिजको कार्यालय विस्तारले नेपालमा जलविद्युत् लगानीको सम्भावनामा वृद्धि हुने बताउँदै यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने बताए । रासस

श्रोतः  कारोबार,  २०७३/०७/१८

# बिजुलीको माग १४ सय ४४ मेगावाट

*भीम गौतम*

वर्षकै सबैभन्दा बढी विद्युत् खपत हुने लक्ष्मीपूजाको दिन विद्युत् माग १ हजार ४ सय ४४ मेगावाट पुगेको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार सम्भवतः यो वर्षकै सबैभन्दा उच्च माग हो ।

प्राधिकरणले गत वर्षको तिहारमा वर्षकै सबैभन्दा बढी १३ सय ८५ मेगावाट पुगेको जनाएको थियो । विद्युत् प्राधिकरण भारप्रेषण केन्द्रका प्रमुख विष्णु श्रेष्ठ लक्ष्मीपूजाको दिन विद्युत्को माग लक्ष्मीपूजाको दिन १ हजार ४ सय ४४ मेगावाट पुगेको र यो वर्षकै सबैभन्दा उच्च माग हुन सक्ने बताउँछन् ।

“अघिल्लो वर्ष पनि लक्ष्मी पूजाको दिनको बिजुलीको माग नै सबैभन्दा उच्च थियो, यो वर्ष पनि उच्च हुनसक्छ,” उनले भने, “कहिलेकाहीँ सबैभन्दा बढी जाडो हुने अर्थात पुसको दोस्रो साता पनि बिजुलीको माग उच्च हुन सक्ने सम्भावना छ ।”

लक्ष्मीपूजाको दिन विद्युत्को माग १५ सय मेगावाटको हाराहारीमा पुग्ने अनुमान प्राधिकरणको थियो । प्रतिवर्ष १० प्रतिशतका दरले विद्युत्को माग बढ्ने विज्ञहरूले बताउँदै आए पनि यसपालि भने ५ प्रतिशतभन्दा पनि कम माग बढेको छ ।

लोडसेडिङ नभएको तथा झिलिमिलीका लागि समेत बिजुली कम खपत गर्ने एलईडी लगायतका चिमहरूको प्रयोगको कारण बिजुलीको माग कम भएको अनुमान प्राधिकरणका अधिकारीहरूको छ ।

लक्ष्मीपूजाको दिन १ हजार ४ सय ९० मेगावाटदेखि १ हजार ५ सय २० मेगावाटसम्म बिजुलीको माग पुग्न सक्ने अनुमान गरिएकोमा ५९ मेगावाट मात्र बढेकाले आगामी हिउँदमा अहिलेको भन्दा बिजुलीको माग अझ बढ्न सक्ने प्राधिकरणका अधिकारीहरू बताउँछन् ।

लक्ष्मीपूजाको दिन सबैभन्दा बढी बिजुलीको माग भए पनि यसपालि तिहारमा विद्युत् प्राधिकरणले लोडसेडिङ भने गरेन । प्रमुख श्रेष्ठका अनुसार, कुलेखानी जलाशय सञ्चालन, भारतबाट थप बिजुली तथा बिदामा उद्योग बन्द भएको कारण लोडसेडिङ नगरिएको हो ।

केही समय अघिसम्म २ सय २० मेगावाटको हाराहारीमा भारतबाट विद्युत् आयात गरेकोमा तिहारमा २ सय ५४ मेगावाटसम्म पु¥याइएको थियो । विद्युत् प्राधिकरणका अनुसार, नेपालको कुल जलविद्युत् उत्पादन क्षमता ८ सय मेगावाट छ ।

श्रोतः गोरखापत्र, २०७३/०७/१८

# आन्द्रिज हाइड्रोले नेपालमा कार्यालय विस्तार गर्ने

जलविद्युत् गृह निर्माणका लागि उपकरण आपूर्ति गर्ने अन्तर्राष्ट्रिय साझेदार कम्पनी आन्द्रिज हाइड्रोले नेपालमा कार्यालय विस्तार गर्ने उद्देश्यले पहिलो पटक ग्राहक दिवस'कस्टमर डे' मनाएको छ ।

'हाइड्रोपावर सोलुसन फर नेपाल' नाम दिइएकोे उक्त कार्यक्रमको यहाँ आज आयोजित कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराले शुभारम्भ गर्नुभयो । दुई दिनसम्म चल्ने उक्त गोष्ठीले कम्तीमा दुई÷तीन महिनाभित्र नेपालमै यसको कार्यालय खोल्ने कुरा तय गर्ने बताइएको छ ।

अस्ट्रियामा मुख्य कार्यालय रहेको उक्त कम्पनीले विश्वका करिब ६० देशमा आफ्नो कार्यालय विस्तार गरिसकेको छ । विश्वभरमा जलविद्युत् निर्माणका लागि आवश्यक विद्युतीय सामग्री उपलब्ध गराउँदै आएको उक्त कम्पनीले नेपालको कुलेखानी जलविद्युत् परियोजनाका लागि काम गरिसकेको छ ।

यसबाहेक माथिल्लो तामाकोसी, मध्य मस्र्याङ्दीलगायत राष्ट्रिय गौरवका मुख्य आयोजनासहित करिब १००० मेघावाटका लागि आन्द्रिजको सहकार्य छ । जसमध्ये १२० मेघावाटको काम भइसकेको छ ।

उपप्रधान तथा अर्थमन्त्री महराले आन्द्रिजको कार्यालय विस्तारले नेपालमा जलविद्युत् लगानीको सम्भावनामा वृद्धि हुने बताउँदै यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने बताउनुभयो । रासस

श्रोतः १२खरी डट्कम्, २०७३/०७/१८

## ढल्केबरमा सवस्टेशन निर्माण एक महिना ढिला हुने

ढल्केबरमा २२० केभी क्षमताको सवस्टेशन निर्माण द्रुत गतिमा भइरहे पनि निर्धारित समयमा सम्पन्न नहुने देखिएको छ ।
पुसको पहिलो साता सम्पन्न हुने गरी चीनियाँ ठेकेदारले काम अघि बढाए पनि  धेरै काम बाँकी रहेकाले केही दिन ढिलाइ हुने संभावना बढेको हो । ठेकदार सेन्ट्रल चाइना पावर ग्रीड कर्पोरेशनले दिनरात तीव्र गतिमा काम अघि बढाए पनि समय थोरै भएकाले १ महिना ढिलाइ हुने सम्भावना रहेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बताउँछन् । बाह्रखरीसँग कुरा गर्दै घिसिङले भने “२ वर्षमा सकिने काम २ महिनामा सक्नुपर्ने भएकाले बढीमा १ महिना ढिलाइ हुन सक्ने देखिएको छ । निर्धारित समयमा काम सम्पन्न गर्न लागि परेका छौँ ।” उनले कन्टिजेन्सी प्लान बनाउने तयारी भएको जानकारी दिए ।
आउँदो हिउँदमा विद्युतभार कटौती (लोडसेडिङ) कम गर्न विद्युत् प्राधिरकणले मुज्जफपुर –ढल्केबर अन्तरदेशीय प्रसारणलाइनबाट २ सय मेगावाट बिजुली आयातको तयारी गरेको छ । सो प्रसारणलाइनबाट हाल ८० मेगावाट बिजुली आयात भइरहेको छ । थप बिजुली आयात गर्न ढल्केबरमा  २२० केभी क्षमताको प्रशारणलाइन बनाउन आवश्यक छ । सरकारले भारतबाट ५८० देखि ६ सय मेगावाटसम्म बिजुली आयातको तयारी गरिरहेको छ ।
प्रसारणलाइनमा ढिलाइ भएपछि ऊर्जामन्त्री जनार्दन शर्माले गत भदौको पहिलो साता ढल्केबरमा गएर आउँदो डिसेम्बरसम्म सवस्टेशनको काम सम्पन्न गर्न ठेकेदारसँग सहमति गराएका थिए । मन्त्री शर्माले सहमति गराएपछि ठेकेदारले काम थालेको हो । सरकारले  भारतबाट बिजुली आयात गरेर लोडसेडिङलाई दैनिक ७ घण्टामा सिमित गर्ने तयारी गरेको छ ।
१३२ केभीमा चार्ज गरेर ८० मेगावाटसम्म बिजुली आयात भइरहेकोमा थप बिजुली खरिद गर्न प्राधिकरणले सवस्टेशनको क्षमता बढाउन नयाँ निर्माण गर्न लागेको हो । २२० केभी सवस्टेशन निर्माणपछि भारतबाट ३ सय मेगावाटसम्म विजुली सहज आपूर्ति हुने देखिएको छ । ४ सय केभीमा चार्ज भएपछि यो प्रसारणलाइनबाट १ हजार ५ सय मेगावाटसम्म विजुली आपूर्ति गर्न सकिने छ ।